संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-२
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १०:३१ बजे*
*बैठक स्थगित : १:४५ बजे*

२०८० वैशाख २५ गते, सोमवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको दोस्रो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा विहान १०:३१ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले "आ.ब. २०८०/०८१का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभामा छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुभयो। त्यसलगत्तै विपक्षी दलका माननीय सदस्यहरू टेबल ढ्याप ढ्याप गर्दै उठ्नुभयो र विपक्षी दलका प्रमुख सचेतक माननीय भैरव सुन्दर श्रेष्ठले बोल्नका लागि समय माग गर्नुभयो। सम्माननीय अध्यक्षले विपक्षी दलका प्रमुख सचेतक माननीय भैरव सुन्दर श्रेष्ठलाई बोल्नका लागि समय उपलब्ध गराउनुभए पश्चात माननीय सदस्यले मिति २०८० बैशाख २४ गतेको बैठकमा माननीय रमेश जंग रायमाझीले राख्नुभएको अभिव्यक्तिमा आपत्तिजनक शब्द परेको बताउनुहुँदै संसदको रेकर्डबाट हटाउनका लागि अनुरोध गर्नुभयो। सम्माननीय अध्यक्षले त्यसतर्फ ध्यानाकर्षण भएको जानकारी गराउनुहुँदै के भएको रहेछ सुनेर हेरेर आवश्यक निर्णय गरी अर्को बैठकमा जानकारी गराउने बताउनुभयो र बैठक सुचारु भयो।

ततपश्चात् सम्माननीय अध्यक्षले देहायबमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयो:

| | | | |
|---|---|---|---|
| १. | मा. माया प्रसाद शर्मा | १३. | मा. कुमार दसौदी |
| २. | मा. दिल कुमारी रावल थापा(पार्वती) | १४. | मा. डा.विमला राई पौड्याल |
| ३. | मा. कमला पन्त | १५. | मा. सुरेश कुमार आलेमगर |
| ४. | मा. सिंग बहादुर विश्वकर्मा | १६. | मा. भगवती न्यौपाने |
| ५. | मा. मृगेन्द्र कुमार सिंह यादव | १७. | मा. गोमा देवी तिमल्सिना |
| ६. | मा. शेखर कुमार सिंह | १८. | मा. सुमित्रा वि.सी. |
| ७. | मा. नारायण प्रसाद दाहाल | १९. | मा. राधेश्याम पासवान |
| ८. | मा. शारदा देवी भट्ट | २०. | मा. तुलसा कुमारी दाहाल |
| ९. | मा. नारायण दत्त मिश्र | २१. | मा. प्रकाश पन्थ |
| १०. | मा. मदन कुमारी शाह (गरिमा) | २२. | मा. सोनाम गेल्जेन शेर्पा |
| ११. | मा. बामदेव गौतम | २३. | मा. रामचन्द्र राई |
| १२. | मा. नर बहादुर विष्ट | २४. | मा. गोपी बहादुर सार्की आछामी |

तदुपरान्त, सम्माननीय अध्यक्षले "आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धमा सभामा छलफल गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल जारी रहने व्यहोरा जानकारी गराउनुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल वैशाख २६ गते मंगलबार बिहान १० बजेर ३१ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव